# नेपाली बाइबल करेस्पण्डेन्स इन्सटिट्यूट

## चेला बनाओ!

### बाइबल शिक्षाक्रम

# पाठ १०

## परमेश्वरको चिन्ने ज्ञानमा कसरी बढ्नुपर्छ?

(तल दिइएको मुख्य पद कण्ठस्थ गर्नुहोस्।)

**''हाम्रा प्रभु र मुक्तिदाता येशू ख्रीष्टको अनुग्रह र चिन्ने ज्ञानमा बढ्दै जाओ।'' २ पत्रुस ३:१८**

पाठ ४ मा हामीले सिक्यौं कि परमेश्वरले प्रभु येशूमाथि विश्वास गर्नेहरू सबैमा पवित्र आत्माद्वारा एक नयाँ जीवन पैदा गर्नुहुन्छ। यो नयाँ जन्म पाएको व्यक्ति मात्र आत्मिक रूपले बढ्न सक्छ। यसैले पाठ ४ मा उल्लेख गरिएका कुराहरू फेरि एकपल्ट ध्यानसित पढेर मात्र हाम्रो अध्ययनमा अघि बढ्नुहोला भनी हामी तपाईंलाई अनुरोध गर्छौं। ख्रीष्टका चेलाहरूको बीचमा हामीले एउटा अनौठो कुरा देख्दछौं। उनीहरूमध्ये धेरैजना एक-दुई वर्ष विश्वासमा बढ्छन्, तर त्यसपछि बिस्तारै-बिस्तारै उनीहरूको जोश सेलाउँछ र आत्मिक चासो घट्दै जान्छ। उनीहरूले प्रभुको शिक्षाका पहिला कदमहरू लिइसके। उनीहरूले प्रभु येशूमाथि विश्वास गरेर मुक्ति पाए। प्रभुको आज्ञाअनुसार उनीहरूले बप्तिस्मा लिए र एउटा स्थानीय मण्डलीमा सदस्य भए; ता पनि उनीहरूको आत्मिक जीवन अलिक खल्लो भएको छ। उनीहरू लगातार मण्डली-सभाहरूमा जान्छन्, दिनदिनै प्रार्थना गर्छन् र बाइबल पढ्छन्। यस्ताहरूलाई हामी यही दसौं पाठमा परमेश्वरको चिन्ने ज्ञानमा कसरी लगातार बढ्ने तरिका बताउन चाहन्छौं। किनभने यसमा कुनै सीमा छैन। परमेश्वर असीमित हुनुहुन्छ। यसकारण 'मैले सब जानेको छु, मैले सबै कुरा बुझेको छु' भन्नलाई ठाउँ रहेन। परमेश्वरको अपार ज्ञानमा बढ्दै गएको मानिसले मात्र उहाँको अनुग्रहको भरपूरी अनुभव गर्न पाउँदछ। यही परमेश्वरको ठूलो आशिष हामी तपाईंको लागि चाहना गर्छौं।

## क - यस सम्बन्धमा प्रभुका स्तरहरू १ यूहन्ना २:१२-१४

**''हे साना नानीहरूहो, म तिमीहरूलाई लेख्दछु, किनभने उहाँको नामको खातिर तिमीहरूका पाप तिमीहरूलाई क्षमा भए। हे बाबुहरूहो, म तिमीहरूलाई लेख्दछु, किनभने जो शुरुदेखि हुनुहुन्छ, उहाँलाई तिमीहरूले चिनेका छौ। हे जवानहरूहो, म तिमीहरूलाई लेख्दछु, किनभने तिमीहरूले त्यस दुष्टलाई जितेका छौ। हे साना नानीहरूहो, म तिमीहरूलाई लेख्दछु, किनभने तिमीहरूले पितालाई चिनेका छौ। हे बाबुहरूहो, मैले तिमीहरूलाई लेखेको छु, किनभने जो शुरुदेखि हुनुहुन्छ, उहाँलाई तिमीहरूले चिनेका छौ। हे जवानहरूहो, मैले तिमीहरूलाई लेखेको छु, किनभने तिमीहरू बलिया छौ, परमेश्वरको वचन तिमीहरूमा रहन्छ र तिमीहरूले त्यस दुष्टलाई जितेका छौ।'' १ यूहन्ना २:१२-१४**

**अ ) साना नानीहरू** **१ यूहन्ना २:१२-१३**

जब हामी प्रभु येशूमाथि विश्वास गरेर नयाँ जन्म पाउँछौं, तब हामी आत्मिक हिसाबमा नयाँ जन्मेका बालक हौं। यो विश्वासको शुरुमा हुने सबै प्रभुका सच्चा चेलाहरूको अनुभव हो। त्यस बेला हामीले प्रभुको शिक्षाका धेरै कुराहरू बुझ्न सकेका हुँदैनौं। तर यति हामीले जान्यौं कि प्रभु येशूको नाममा हाम्रा सबै पाप र अधर्महरू क्षमा भए। हामीले सित्तैंमा पाएको परमेश्वरको ठूलो मुक्तिमा आनन्दित हुन्छौं। अब परमेश्वर हाम्रो बुवा हुनुहुन्छ र हामी उहाँका छोराछोरी भयौं भन्ने कुरामा हामी खूब रमाउँछौं। तर यही स्तर रहिरहनु हामीलाई उचित छैन; हामी बढ्नुपर्छ।

**आ ) जवानहरू** **१ यूहन्ना २:१३-१४**

जब हामी शैतानका सबै दुष्ट युक्तिहरूबाट बाँच्छौं अथवा विजयी हुन्छौं, तब हामी दोस्रो आत्मिक स्तरमा आइपुगेका हुन्छौं। हामी जवान भयौं; हामी बलिया भयौं, किनभने परमेश्वरको वचन हाम्रो मनमा रहेको छ; हाम्रो विश्वास स्थिर छ। अब प्रभुको मार्गको शिक्षामा हामी अनजान छैनौं। धूर्त मानिसहरूले हामीलाई हतपत छल गर्न सक्दैनन्। झूटा शिक्षाबाट हामी जोगिन्छौं; पाप र पापका अभिलाषाहरूलाई हामीले कुनै ठाउँ दिनेछैनौं, किनभने हाम्रो प्राणको शत्रुलाई हामीले चिनेका छौं। कति विश्वासी यही स्तरमा पुग्न सक्दैनन्, र यसभन्दा माथिको स्तरमा कहिल्यै आइपुग्दैनन्।

**इ ) आत्मिक बाबुहरू** **१ यूहन्ना २:१३-१४**

आज हामीले यस तेस्रो स्तरमा बढ़ी ध्यान दिनुपरेको छ। किनभने परमेश्वरको इच्छा यो छ कि हामी सबैजना आत्मिक बुवाहरू हौं अर्थात् विश्वासमा पाको, पूरा बढ़ेका मानिसहरू हौं। तर दु:खको कुरा के हो भने यस स्तरमा एकदम कम्ती विश्वासीहरू पुग्छन्। उनीहरू अगाड़ि नै बढ्न छोड्छन् र परमेश्वरको भरपूरीको स्वाद पाउँदैनन्। यस तेस्रो स्तरका मानिसहरूको विशेष गुण के हो? यसको बारेमा तपाईं के पढ्दै हुनुहुन्छ? उनीहरूले शुरुदेखि हुनुहुनेलाई चिनेका छन्। उनीहरूसँग परमेश्वरको चिन्ने ज्ञान छ र यही ज्ञानमा उनीहरू अझ बढ्दै जान्छन्। उनीहरू केवल परमेश्वरमा सन्तोष रहन्छन्। उहाँलाई चिन्नु नै उनीहरूको जीवनको उद्देश्य हो। परमेश्वरका आशिषहरू पाएकोमा उनीहरू तृप्त रहँदैनन्, तर उनीहरू जीवित परमेश्वरको निम्ति तिर्सना गर्छन्।

## ख – यस सम्बन्धमा प्रभुको आज्ञा कलस्सी १:१०, १ कोरिन्थी १५:३३-३४, हितोपदेश ९:१०

**''उहाँलाई पूरा तवरले खुशी पार्नलाई तिमीहरू प्रभुको योग्य चालमा हिँड़, हरेक असल काममा फलदार हँदै र परमेश्वरको चिन्ने ज्ञानमा बढ्दै जाओ।'' कलस्सी १:१०**

येशूका चेलाहरूले प्रभुको योग्य चालमा चल्नुपर्छ। उनीहरूले उहाँलाई सधैं र हरेक कुरामा खुशी पार्ने कोशिश गर्नुपर्छ। तर प्रभुको आज्ञा यसमा मात्र सीमित रहँदैन; हामी हरेक असल काममा फल फलाउँदै र परमेश्वरको चिन्ने ज्ञानमा बढ्दै जानुपर्छ। यो पनि परमेश्वरको इच्छा हो। तर कतिले यस कुराको वास्ता गर्दैनन्; यसले गर्दा उनीहरूको जीवन सुध्रिनको सट्टामा बिग्रिन थाल्छ र उनीहरूमा नराम्रो बानीहरू निस्कन्छन्। सँगत भन्ने कुरा कति महत्त्वपूर्ण छ, उनीहरू यसमा अनजान रहन्छन्। सांसारिक मानिसहरूसँग बढ़ी सँगत गरेर उनीहरू बिस्तारै संसारको चाल फेरि सिक्छन्। उनीहरू परमेश्वरको चिन्ने ज्ञानमा बढ्दैनन्। तर यस्तो स्थितिमा पर्नु शर्मको कुरा हो। हामी आफूलाई परमेश्वरको जन हौं भनी दाबी गर्छौं, तर जिउँदो परमेश्वरसित कुनै सँगत राख्दैनौं। उहाँसँगको नजिक सम्बन्धले हामीलाई प्रभावित पार्नेथियो, र हाम्रो जीवनमा परमेश्वरको पवित्र स्वभाव देखा पर्नेथियो। हाम्रो हालत यस प्रकारको भएदेखि हामी जाग्नुपरेको छ। परमेश्वरले हामीलाई यसैको निम्ति सहायता दिऊन् (१ कोरिन्थी १५:३३-३४, हितोपदेश ९:१०)।

## ग – यस सम्बन्धमा प्रभुको प्रतिज्ञा २ पत्रुस १:२-४, २ कोरिन्थी ३:१८

**''परमेश्वर र हाम्रा प्रभु येशूको चिन्ने ज्ञानमा तिमीहरूको निम्ति अनुग्रह र शान्ति प्रशस्त होस्; जसरी उहाँको ईश्वरीय शक्तिले जीवन र भक्तिसँग सम्बन्ध राख्ने कुराहरू उहाँको चिन्ने ज्ञानद्वारा हामीलाई दिएको छ, .... जसद्वारा हामीलाई अत्यन्तै ठूला र बहुमूल्य प्रतिज्ञाहरू दिइएका छन्, यसैले कि यी प्रतिज्ञाद्वारा तिमीहरू यस संसारमा अभिलाषाद्वारा हुने भ्रष्टताबाट उम्केर ईश्वरीय स्वभावका भागीदारहरू होओ।'' २ पत्रुस १:२-४**

परमेश्वरको चिन्ने ज्ञानद्वारा पवित्र बाइबलमा हामीलाई अति ठूला र अनमोल प्रतिज्ञाहरू अर्थात् कबुलहरू दिइएका छन्। यी कबुलहरू दिइएको उद्देश्य के हो? धेरैले यो कुरा बुझेका छैनन्। हामी परमेश्वरको पवित्र स्वभावका भागीदार हौं भन्ने विचारले उहाँले हामीलाई यी प्रतिज्ञाहरू दिनुभयो। संसारमा अभिलाषाहरू प्रशस्त छन्; संसारमा मानिसहरूको चालचलन बिग्रिएको छ। तर परमेश्वरको चिन्ने ज्ञानमा बढ्ने मानिस यसबाट उम्कन्छ। ऊ परमेश्वरमा सन्तोष रहन्छ र उसको जीवनमा प्रभुको स्वभाव झन्-झन् स्पष्ट गरी देखा पर्छ। परमेश्वरको इच्छा यस प्रकारको छ, र पनि के हामी यस्तो मानिस हुने तिर्सना नगरौं? परमेश्वरको कबुलहरूले हामीलाई यसको लागि उत्साह दिएका होऊन्।

## घ – यस सम्बन्धमा हाम्रो तिर्सना भजनसंग्रह ४२:१-२, ८४:२ र १०

**''जसरी मृग खोलाको पानीको तिर्सना गर्छ, त्यसरी नै हे परमेश्वर, मेरो आत्मा तपाईंको तिर्सना गर्दछ। मेरो आत्मा परमेश्वरको निम्ति, जीवित परमेश्वरको निम्ति तिर्खाउँछ। म कहिले आएर परमेश्वरको सामु देखा परूँ?'' भजनसंग्रह ४२:१-२**

परमेश्वरका जनहरूको मनमा जिउँदो परमेश्वरको निम्ति तिर्सना रहिरहन्छ। संसारको कुनै चिजले यो तिर्सना मेटाउन सक्दैन। आत्मिक आशिषहरूले पनि हामीलाई तृप्त पार्न सक्दैनन्। हाम्रो आत्मा परमेश्वरको निम्ति तिर्सना गर्छ र उहाँसितको सँगत पाएमा मात्र यो तिर्सना मेट्छ। किनभने हामी यसैको निम्ति सृष्टि गरिएका थियौं। जब परमेश्वरले मानिसहरूलाई सृष्टि गर्नुभयो, तब उहाँले हामी मानिसहरूलाई आफ्नो स्वरूपमा बनाउनुभयो; किनभने हामीसँग सँगति गर्नु नै उहाँको इच्छा थियो। पापको कारणले यो सम्बन्ध टुट्यो र मानिस संसार र संसारका कुराहरूमा भुल्यो। तर अब ख्रीष्टमा हामीले परमेश्वरसित मिलाप राख्ने मौका पायौं। प्रभु येशूद्वारा हामीले परमेश्वरको पवित्र उपस्थितिमा जाने अवसर पायौं। यसकारण आउनुहोस्, हामी यही बाटो भएर परमेश्वरको नजिक जाऔं।

## ङ – पुरानो नियममा पवित्रस्थानको नमुना प्रस्थान २५:८-९, ४०:१-८,१७-३३

*अनि परमप्रभुले मोशालाई भन्नुभयो* – **''अनि म तिनीहरूको बीचमा बस्नको निम्ति तिनीहरूले मेरा लागि एउटा पवित्रस्थान बनाऊन्। मैले तिमीलाई देखाएका सबै कुराहरूअनुसार पवित्रस्थानको नमुना र त्यसका सामानहरूको नमुनाजस्तै तिमीहरूले त्यस्तै त्यो बनाउनू।'' प्रस्थान २५:८-९**

हिब्रू ९:२३-२४ पदअनुसार पुरानो नियमको पवित्रस्थानचाहिँ स्वर्गमा भएका कुराहरूको नमुना हो। यो पवित्रस्थान स्वर्गमा भएका वास्तविक कुराहरूको प्रतिरूप हो। यसैले यही पवित्रस्थानको नमुनाबाट हामी परमेश्वरको नजिक कसरी पुग्न सक्छौं र परमेश्वरको पवित्र उपस्थितिमा उहाँसँग सँगत पाउँछौं भन्ने कुरा सिक्न चाहन्छौं।

## भेट हुने पाल

यो पवित्रस्थान परमेश्वरले इस्राएलका मानिसहरूलाई दिनुभयो, किनभने उनीहरूको बीचमा उहाँले सधैं वास गर्न चाहनुभयो। आज प्रभु येशू कसरी आफ्नो मण्डलीको बीचमा उपस्थित हुनुहुन्छ भन्ने कुरा सङ्केत गर्दै यसले हामीलाई चित्रद्वारा शिक्षा दिन्छ। यो पवित्रस्थानको अर्को नाम भेट हुने पाल हो। किनभने परमेश्वर हामीसँग कसरी सँगति गर्नुहुन्छ भन्ने कुरा यसैले देखाउँछ। यो पवित्रस्थान परमेश्वरका जनहरूको केन्द्र थियो। परमेश्वरले हाम्रो जीवनमा सधैं पहिलो ठाउँ पाउनैपर्छ र उहाँसँग हाम्रो सँगतिचाहिँ सबै कुराहरूभन्दा महत्त्वपूर्ण कुरा हुन्छ भन्ने हामी यसैबाट बुझ्छौं। अब हामी तपाईंलाई लगेर यस पवित्रस्थानभित्र जाने बाटो देखाउन, साथै यस भेट हुने पालका मुख्य सामानहरूमा अर्थ लगाउँदै तपाईंको आत्मिक ज्ञान बढ़ाउन चाहन्छौं।

### अ) चोकको बार

आउनुहोस्, हामी पवित्रस्थानको सामु जाऔं। हाम्रो सामुन्ने हामी खालि पवित्रस्थानको वरिपरि लगाइएको अग्लो, सेतो बार देख्न पाउँछौं। यस कुराले हामीलाई के सिकाउँछ भने हामी परमेश्वरको पवित्र उपस्थितिमा जाँदैछौं। हामी सबैले पाप गरेका छौं र परमेश्वरको महिमारहित हुन गएका छौं भन्ने कुरा हामीलाई याद हुन्छ। परमेश्वर अति पवित्र हुनुहुन्छ र उहाँमा कतिपनि अधर्म छैन। तब हामी उहाँसँग कसरी सङ्गति गर्न सक्छौं त?

### आ) चोकको एउटै ढोका

चोकभित्र पस्नको निम्ति एउटै ढोका मात्र छ। यो ढोका भेट्टाउन हामीलाई सजिलो लाग्छ, किनभने त्यसको रङ नीलो, बैजनी, रातो र सेतो छ। नयाँ नियममा हामी थाह पाउँछौं, ढोका प्रभु येशू हुनुहुन्छ। प्रभु येशूमाथि विश्वास गरेर हामी परमेश्वरसँग मिलाप राख्न पाउँछौं। यो पवित्रस्थानको ढोकाले प्रभु येशूका गुणहरू प्रकट गर्छ। नीलो रङले प्रभु येशू स्वर्गबाट आउनुभएको परमेश्वरको एकमात्र पुत्र हुनुहुन्छ भन्ने कुरालाई सङ्केत गर्छ। बैजनी रङले उहाँ राजा र प्रभु भएर आउनुभएको कुरालाई दर्साउँछ भने रातो रङले प्रभु येशूले क्रूसमा आफ्नो प्राण पापबलिको रूपमा दिनुभएको कुरा देखाउँछ। प्रभु येशू पापरहित हुनुहुन्थ्यो भन्ने कुरा सेतो रङले हामीलाई बताउँछ। यसैबाट प्रभु येशू नै संसारको मुक्तिदाता हुनुहुन्छ भनी हामी सफासँग बुझ्छौं। हरेक जो उहाँबाट भित्र पस्छ, उसले मुक्ति पाउँछ। के उहाँमाथि विश्वास गरेर तपाईं भित्र पस्नुभएको छ? अथवा के तपाईं अझै बाहिर ढोकाको सामु उभिनुभएको छ? भित्र पस्नुहोस् र प्रभु येशूमा मुक्ति र अनन्त जीवन पाउनुहोस्।

### इ) वेदी

चोकभित्र पुगेपछि हामी त्यहाँ पवित्रस्थानको सामु एउटा वेदी देख्दछौं। त्यस वेदीमा पूजारीहरूले होमबलि चढ़ाउने काम गर्थे। एउटा निष्कलङ्क भेड़ाको पाठोमाथि कुनै पापी मानिसले आफ्ना हात राख्थ्यो; त्यसपछि पूजारीले त्यस निर्दोष पशुलाई काटेर त्यसको रगत वेदीको फेदमा खन्याउँथ्यो। तब पूजारीले त्यस पाठोलाई वेदीमा राख्थ्यो, जहाँ आगोले त्यस बलिदानलाई पूरा भस्म पार्थ्यो। यसको अर्थ के हो त? प्रभु येशू सारा संसारको पाप उठाई लैजाने परमेश्वरको बलिदान हुनुहुन्छ। क्रूसमा उहाँले एकचोटि तपाईंका र मेरा पापहरूको निम्ति आफ्नो निर्दोष रगत बगाउनुभयो। प्रभु येशू नै त्यो निर्दोष र निष्कलङ्क पाठो हुनुहुँदो रहेछ, जसले आफ्नो अनमोल रगतद्वारा हामीलाई पापबाट छुटकारा

दिनुहुन्छ भनी हामी अब बुझ्छौं। त्यस होमबलिको खरानी देखेर हामी के थाह पाउँछौं? पापको प्रायश्चित पूरा भयो। तिर्नुपर्ने जम्मै दाम प्रभु येशूले तिर्नुभयो। अब पापको ऋणबाट चुकाउने कुनै दाम चाहिँदैन। प्रभु येशूको महान् बलिदानको निम्ति परमेश्वरलाई धन्यवाद होस्। अब हामी आफ्ना आँखा उठाउन सक्छौं, किनभने परमेश्वरको धार्मिक रिस थामियो। पापको क्षमा पाएको कारणले हामी अब दोषी छैनौं। चोकको सेतो बारलाई हामी हेर्दछौं र आफूलाई धर्मी ठहरिएको भेट्टाउँछौं। अबउसो हामी पापी छैनौं, तर प्रभु येशूमा परमेश्वरले हामीलाई आफ्नो धार्मिकताको वस्त्र पहिराउनुभयो।

## ई) पानीको ठूलो धुने भाँड़ा

वेदी छोड़ेर हामी पानीको ठूलो धुने भाँड़ामा आइपुग्छौं। त्यो धुने भाँड़ा स्त्रीहरूका ऐनाले बनाइएको थियो (प्रस्थान ३८:८)। त्यस धुने भाँड़ाको पानीले आफ्ना हातखुट्टा धोएपछि पूजारी पवित्रस्थानभित्र प्रवेश गर्न पाउँथ्यो। त्यस धुने भाँड़ाले हामीलाई अर्को शिक्षा दिन्छ। हाम्रो दैनिक जीवनमा हामी पापको मैलाले अशुद्ध हुन्छौं। ऐनाले झैं आफ्नो पवित्र वचनबाट प्रभुले हामीलाई यस पापको कलङ्क देखाउनुहुन्छ, साथै परमेश्वरको शुद्ध र शक्तिशाली वचनले उहाँले हाम्रो जीवन सुधार्नुहुन्छ। पवित्र बाइबलले हरेक विश्वासीलाई परमेश्वरको सेवा गर्नको निम्ति पूरा रूपले तयार पार्न सक्छ र उहाँको दृष्टिमा हामीलाई सिद्ध तुल्याउन सक्छ। धन्य हो त्यो मानिस, जसले परमेश्वरको सिद्ध व्यवस्थाभित्र ध्यानसित हेर्छ र त्यसमा लागिरहन्छ। हामी वचन सुनेर वा पढ़ेर बिर्सने मानिसजस्तै होइन, तर वचन पालन गर्ने मानिस हौं। यस्तो जीवनमा प्रभुको आशिष छ।

## उ) पवित्रस्थान

पानीको बाटामा धोएपछि पूजारी पर्दाभित्र गएर पवित्रस्थानमा प्रवेश गर्थे। पवित्रस्थानचाहिँ बाहिरबाट हेर्दा एकदम साधारण देखिन्थ्यो, किनभने त्यो चारओटा पर्दाले ढाकिएको थियो (प्रस्थान २६:१-१४)। ठीक त्यस्तै प्रभु येशूमा धेरै मानिसहरूले केही विशेष गुण र सुन्दरता देख्दैनन्। उनीहरूको निम्ति प्रभु येशू अरू मानिसहरूजस्तो साधारण हुनुहुन्छ। तर हामी विश्वासीहरूले प्रभु येशूमा परमेश्वरको ठूलो महिमा देख्दछौं। पवित्रस्थानभित्र पसेझैं हाम्रो सामु प्रभु येशूले आफ्नो महिमा प्रकट गर्नुहुन्छ। त्यो हामी सामदान, रोटीको टेबल र सुनको वेदीबाट हेर्नेछौं।

## ऊ) सामदान

पवित्रस्थानको कुनै झ्याल थिएन, जसबाट कोठाभित्र उज्यालो पुग्न सक्थ्यो। तर ज्योति दिने एउटै स्रोत मात्र थियो, त्यो हो सामदान। त्यो सामदान पूरा सुनको थियो र त्यसका सातओटा बत्ती सधैं बल्थ्यो। यसबाट हामीलाई याद हुन्छ कि परमेश्वरका गहिरा कुराहरू बुझ्नलाई हामी मानिसहरूमा कुनै क्षमता छैन। तर परमेश्वरको पवित्र आत्माको प्रकाश पाएदेखि हामी आत्मिक कुराहरू बुझ्न सक्छौं। पवित्र आत्माले हामीलाई सम्पूर्ण सत्यताभित्र डोर्‍याउनुहुन्छ र ख्रीष्टमा भएका सुन्दरता हामीलाई प्रकट गर्नुहुन्छ।

## ए) रोटीको टेबल

दाहिने हातपट्टि रोटीको टेबल हामी देख्छौं। भित्रपट्टि टेबल काठको थियो भने बाहिरचाहिँ त्यो सुनको थियो। टेबलमाथि बाह्रओटा रोटी राखिन्थे। प्रभु येशू मानिस र परमेश्वर हुनुहुन्छ भन्ने चित्र टेबलले दिन्छ भने रोटीचाहिँ प्रभु येशू जीवनको रोटी हुनुहुन्छ भन्ने कुरालाई सङ्केत गर्छ। प्रभु येशू स्वर्गबाट आएको

साँचो रोटी हुनुहुन्छ, जसले संसारलाई जीवन दिनुहुन्छ। प्रभु येशूकहाँ आउने कहिल्यै भोकाउनेछैन; प्रभु येशूमाथि विश्वास गर्ने कहिल्यै तिर्खाउनेछैन। उहाँले हामीलाई पूरा तवरले तृप्त पार्न सक्नुहुन्छ।

**ऐ) सुनको वेदी**

अब हाम्रो सामु अन्तिम पर्दाको ठीक अगाड़ि सुनको वेदी छ। यसमा पूजारीले दिनप्रतिदिन बिहान र बेलुका धूप चढ़ाउँथे। त्यो धूपको सुगन्धले सम्पूर्ण पवित्रस्थान भरिन्थ्यो। त्यो धूपले हामी विश्वासी–हरूको प्रार्थना देखाउँछ, जो हामी लगातार प्रभु येशूद्वारा परमेश्वर पितालाई चढ़ाउँछौं। प्रभु येशूमा हाम्रो ध्यान रहन्छ, र परमेश्वरको सामु हामी उहाँको सद्‌गुणहरूको प्रशंसा गर्छौं। आफ्नो पिताको सामु महापूजारीले झैं प्रभु येशू हाम्रो निम्ति सधैं अन्तर्विन्ती चढ़ाउनुहुन्छ भन्ने चित्र यो वेदीले पनि दिन्छ।

**ओ) महा पवित्रस्थान**

पवित्रस्थानका दुईटा कोठाहरू थिए। पहिलो कोठामा आ–आफ्नो पालोअनुसार पूजारीहरू दिनदिनै परमेश्वरको सेवा गर्न जाँन्थे। तर भित्री कोठा अर्थात् महा पवित्रस्थानमा महापूजारी रगतसित वर्षमा एकचोटि मात्र प्रवेश गर्थे (लेवी १६:)। त्यो महा पवित्रस्थान पूरा सुनको थियो। त्यसमा चारैतिर सुनले मोहोरेको सन्दुक थियो। सन्दुकभित्र परमेश्वरको वाचाका दुईटा पाटीहरू थिए। सन्दुकलाई ढाक्ने कृपाआसन थियो र त्यसमाथि दुई करूब अर्थात् स्वर्गदूत थिए। त्यस ठाउँमा परमेश्वरको पवित्र उपस्थिति थियो। त्यहाँ परमेश्वरको भेट मोशासँग हुन्थ्यो र उहाँ तिनीसित बोल्नुहुन्थ्यो (प्रस्थान २५:२२)। प्रभु येशू हाम्रो महापूजारी हुनुहुन्छ। उहाँ एकचोटि आफ्नो रगतसित वास्तविक स्वर्गको पवित्रस्थानभित्र पस्नुभयो र हाम्रो निम्ति अनन्त उद्धार प्राप्त गर्नुभयो (हिब्रू ९:११–१४)। परमेश्वरको सामु उहाँ हाम्रो निम्ति अनुग्रहको सिंहआसनमा बस्नुहुन्छ। त्यहाँ हरेक विश्वासी जान र अनुग्रह पाउन सक्छ (हिब्रू ४:१६)।

**औ) वाचाको सन्दुक**

अन्तमा हामी त्यस सन्दुकलाई ध्यान दिनुपर्छ। सन्दुकभित्र परमेश्वरका पवित्र र धार्मिक नियमहरू पाटीहरूमा लेखिएका थिए। यी धर्मनियमअनुसार हामी परमेश्वरसँग कहिल्यै सँगति पाउन सक्दैनथियौं, किनभने हामी सबै पापी छौं। यसकारण यी धर्मनियमलाई ढाक्ने कृपाआसन नभएको भए परमेश्वरको क्रोधले हामीलाई भस्म गर्नेथियो भन्ने कुरा यहाँबाट बुझिन्छ। त्यस कृपाआसनमाथि हामी रगतको छिटकाउ देख्दछौं। प्रभु येशूले आफ्नो पवित्र रगतले पापको प्रायश्चित गर्नुभयो र परमेश्वरको क्रोध हामीबाट हटाउनुभयो। यसैले हामी बिनाडर परमेश्वरको पवित्र उपस्थितिमा रहन सक्छौं। जब प्रभु येशू क्रूसमा मर्नुभयो, तब मन्दिरको पर्दा टुप्पादेखि फेदसम्म च्यातियो (मत्ती २७:५१)। प्रभु येशूको अनमोल रगतद्वारा हाम्रो निम्ति अब महा पवित्रस्थानभित्र जाने बाटो खुला छ (हिब्रू १०:१९ र २२)।

## च – परमेश्वरको पवित्र उपस्थितिमा **प्रस्थान २५:२२, हिब्रू ४:१६, १०:१९–२२**

**''त्यहीं म तिमीसित भेट गर्नेछु; इस्राएलीहरूको निम्ति जति आज्ञाहरू म तिमीलाई दिनेछु, ती सबैको विषयमा म कृपाआसनबाट, साक्षी–पाटीहरूको सन्दुकमाथि भएका ती दुई करूबको बीचबाट तिमीसँग बात गर्नेछु।''** **प्रस्थान २५:२२**

परमेश्वरको अनुग्रहको सिंहआसनमा प्रभु येशू बस्नुभएको छ। परमेश्वरको उपस्थितिमा जाने बाटो प्रभु येशूको रगतले खोल्यो। परमेश्वरले हाम्रो लागि सबै बन्दोबस्त गर्नुभएको छ। अब परमेश्वरको नजिकै जान मात्र बाँकी रह्यो। यसको निम्ति हामी सबैले परमेश्वरको निम्तो पाएका छौं। जब हामी परमेश्वरको नजिकमा जान्छौं, तब के हुनेछ र कस्ता–कस्ता आशिषहरू पाउँछौं, सो कुरामा ध्यान दिएर हामी तपाईंलाई केही कुरा बताउँछौं।

**परमेश्वरको उपस्थितिमा ..................**

| | |
|---|---|
| १ – परमेश्वर उपस्थित हुनुहुन्छ: | **प्रस्थान २५:२२, भजनसंग्रह १६:८,३४:१८,१४५:१८, मत्ती १८:२०** |
| २ – परमेश्वर हामीसित बोल्नुहुन्छ: | **प्रस्थान २५:२२, लेवी १:१, हिब्रू १:२, ४:१२, १ थेस्सलोनिकी २:१३** |
| ३ – परमेश्वर हाम्रो कुरा सुन्नुहुन्छ: | **भजनसंग्रह १८:६, ३४:१५, १ पत्रुस ३:१२** |
| ४ – परमेश्वर हामीसित सँगति गर्नुहुन्छ: | **प्रस्थान २५:२२, १ कोरिन्थी १:९, १ यूहन्ना १:१:३, प्रकाश ३:२०** |
| ५ – परमेश्वर आफूलाई प्रकट गर्नुहुन्छ: | **यूहन्ना १४:२१ र २६, मत्ती ११:२५–२७, १ कोरिन्थी २:१२** |
| ६ – परमेश्वर हाम्रो जीवन परिवर्त्तन गर्नुहुन्छ: | **२ कोरिन्थी ३:१८, कलस्सी ३:१०, २ पत्रुस १:४** |
| ७ – परमेश्वर हामीलाई सहारा दिनुहुन्छ: | **भजनसंग्रह ३४:७, ६१:४, हितोपदेश १८:१०** |
| ८ – परमेश्वर हामीलाई छुटकारा दिनुहुन्छ: | **भजनसंग्रह ९१:१५, यूहन्ना ८:३६, २ कोरिन्थी ३:१७** |
| ९ – परमेश्वर हामीलाई आशिष दिनुहुन्छ: | **प्रस्थान २०:२४, हितोपदेश १०:२२, १ पत्रुस ३:९** |

परमेश्वरले प्रभु येशूमा हाम्रो लागि यी सबै आशिषहरूको प्रबन्ध गर्नुभयो। यदि हामी प्रभु येशूको चिन्ने ज्ञानमा बढ्दै जान्छौं भने हामी यीभन्दा बढ्ता आशिषहरू अनुभव गर्न सक्छौं। किनभने परमेश्वरका जति प्रतिज्ञाहरू छन्, ती सबै हाम्रो लागि प्रभु येशूमा उपलब्ध छन्। परमेश्वरको महिमा हामीद्वारा प्रकट होस् भन्ने हेतुले उहाँले यी सबै प्रतिज्ञा गरिएका कुराहरू हामीले उपभोग गरेको चाहनुहुन्छ (२ कोरिन्थी १:२०)। प्रभु येशू हाम्रो आशिषको स्रोत वा खानी हुनुहुन्छ। किनभने उहाँमा बुद्धि र ज्ञानका सारा धनसम्पत्ति लुकेको छ (कलस्सी २:३)। यसकारण परमेश्वरको उपस्थितिमा जान हामी नभुलौं, तर प्रभुको वचन पालन गरौं, जसले भन्दछ:

> **''यसकारण भाइहरूहो, येशूको रगतद्वारा महा पवित्रस्थानभित्र प्रवेश गर्ने हिम्मत पाएका हुनाले, एउटा नयाँ र जिउँदो बाटोद्वारा, जुनचाहिँ उहाँले हाम्रो लागि खोल्नुभयो; ........ र परमेश्वरको घरानामाथि एकजना महापूजारी हुनुभएकोले आओ, साँचो मनले, विश्वासको पूरा निश्चयतामा, दुष्ट विवेकबाट शुद्ध हुन भनी आफ्नो हृदयमा छिटकाउ लिएर र आफ्नो शरीरलाई शुद्ध जलले धोएर हामी नजिकमा जाऔं।''** हिब्रू १०:१९–२२

**प्रार्थना:** *'हे प्रभु येशू, तपाईं परमेश्वरको चिन्ने ज्ञानको खानी हुनुहुन्छ। म तपाईंलाई गहिरा रूपले चिन्न चाहन्छु; किनभने यो मेरो लागि परेश्वरको इच्छा हो र यसरी नै तपाईंले मेरो जीवन आशिषले भरपूर गर्न चाहनुहुन्छ भनी मैले बुझें। यसकारण यो मेरो विन्ती छ: तपाईंको नजिकैमा म सधैं जिउन पाऊँ। म आत्मामा सधैं बालकजस्तै नहोऊँ, तर म पूरा तवरले बढ्न र यसरी तपाईंको महिमा गर्न सकूँ। धन्यवाद। आमेन।'*

# नेपाली बाइबल करेस्पण्डेन्स इन्सटिट्यूट

## चेला बनाओ!

### बाइबल शिक्षाक्रम – उत्तर पृष्ठ

**तपाईंको पूरा ठेगाना:** (अंग्रेजीमा लेखे पनि हुन्छ)

श्री/सुश्री/श्रीमति ............................................................................

गा॰वि॰स॰/ग्रा॰पं॰: ............................................ वार्ड नं॰: ..........................

हुलाक/पो॰ आ॰ : ................................ जिल्ला: ............................................

अञ्चल/प्रदेश: ............................................ देश: ......................................

**रजिष्टर नं॰:** ........................

# पाठ १०

## परमेश्वरको चिन्ने ज्ञानमा कसरी बढ्नुपर्छ?

यदि हामी प्रभु येशूका चेलाहरू हौं भने परमेश्वरको चिन्ने ज्ञानमा बढ्नु नै हाम्रो निम्ति परमेश्वरको इच्छा हो। यस सम्बन्धमा विभिन्न स्तरहरू भए पनि प्रभु येशूलाई चिन्नुमा कुनै सीमा छैन। जति हामी परमेश्वरलाई चिन्छौं, त्यति नै परमेश्वरको अनुग्रह हामीले प्रशस्त मात्रामा अनुभव गर्न पाउँछौं। यदि तपाईंको आत्मिक जीवन तपाईंलाई खल्लो लागेको छ भने जीवित परमेश्वरको निम्ति तिर्सना गर्दै उहाँको नजिकमा जानुहोस् र आशिष पाउनुहोस् भनी हामी तपाईंलाई सल्लाह दिन्छौं। यी तलका प्रश्नहरूका उत्तरले यसो गर्नको लागि तपाईंलाई सहायता गरून्।

### क – यस सम्बन्धमा प्रभुका स्तरहरू

**१) २ पत्रुस ३:१८ – कुन कुरामा बढ्नु हाम्रो लागि परमेश्वरको इच्छा हो? ..........................**

**..........................................................................................................**

**२) १ यूहन्ना २:१२–१४ – क) यी पदहरूअनुसार कतिओटो आत्मिक स्तरहरू पाइन्छन्? यिनका नामहरू लेख्नुहोस्।**

**अ) ..............................................................**

**आ) ..............................................................**

**इ) ..............................................................**

ख) आत्मिक बालकहरूले के के जान्दछन्?

अ) ..........

आ) ..........

ग) जवानहरूका गुणहरू लेख्नुहोस्। अ) ..........

आ) ..........

इ) ..........

घ) आत्मिक बुवाहरूले कुन कुरा जान्दछन्? ..........

..........

## ख - यस सम्बन्धमा प्रभुको आज्ञा

१) कलस्सी १:१० कण्ठस्थ गरी लेख्नुहोस्। ..........

..........

..........

२) क) १ कोरिन्थी १५:३३ कस्तो किसिमको सँगतले असल चालचलन बिगार्छ? ..........

..........

ख) १ कोरिन्थी १५:३४ अनुसार कुनचाहिँ शर्म लाग्ने कुरा हो? ..........

..........

३) हितोपदेश ९:१० - के कुरा समझशक्ति हो? ..........

## ग - यस सम्बन्धमा प्रभुको प्रतिज्ञा

१) २ पत्रुस १:२-४ - क) परमेश्वरको अनुग्रह र शान्ति हामी कसरी प्रशस्त मात्रामा पाउन सक्छौं?

..........

ख) प्रभु येशूको चिन्ने ज्ञानद्वारा हामीलाई के कुरा दिएको छ? ..........

..........

ग) परमेश्वरका प्रतिज्ञाहरूद्वारा हामी केको भागीदार बन्नेछौं? ..........

..........

२) २ कोरिन्थी ३:१८ - क) के गरेदेखि हामी बदली हुन्छौं? ..........

..........

ख) कुन प्रकारले हामी बदलिन्छौं? ..........

..........

## घ – यस सम्बन्धमा हाम्रो तिर्सना

१) भजनसंग्रह ४२:१-२ – क) परमेश्‍वरको निम्ति हाम्रो तिर्सना कस्तो हुनुपर्छ? .....................

.......................................................................................................

ख) के तपाईं जिउँदो परमेश्‍वरको निम्ति तिर्खाउनुहुन्छ? ..............................................

ग) यस्तो अवस्थामा कहाँ गएर तपाईं यो तिर्खा मेटाउनुहुन्छ? ....................................

.......................................................................................

२) भजनसंग्रह ८४:१० – क) कहाँ रहन हामीलाई असल छ ? ........................................

.......................................................................................................

ख) दुष्ट मानिसहरूसँग बस्नुभन्दा कहाँ बस्नु लेखकलाई मन पर्छ ? ..............................

.......................................................................................................

## ङ – पुरानो नियममा पवित्रस्थानको नमुना

१) प्रस्थान २५:८-९ – क) पुरानो नियममा पवित्रस्थान परमेश्‍वरले किन बनाउन लगाउनुभयो?

..........................................................................

ख) त्यस पवित्रस्थानलाई केजस्तो बनाउनुपर्थ्यो? ......................................................

.......................................................................................................

२) हिब्रू ९:२३-२४ पदअनुसार पवित्रस्थानले कुन कुराको नमुना र प्रतिरूप दिन्छ? ................

.......................................................................................................

३) लेवी १:१ मा यस पवित्रस्थानलाई अर्को के नाम दिइएको थियो? ...................................

४) गन्ती २:१-२ अनुसार भेट हुने पाल कहाँ राखिएको थियो? ..........................................

.......................................................................................................

५) प्रस्थान २५:२२ – परमेश्‍वर मोशासँग कहाँ भेट गरेर बात गर्नुहुन्थ्यो? .............................

.......................................................................................................

६) मत्ती १८:२० – प्रभु येशू हामीसँग कहाँ भेट गर्नुहुन्छ? ..............................................

.......................................................................................................

७) पुरानो नियमको पवित्रस्थानले प्रभु येशूको सुन्दर चित्रण दिन्छ। यसैले यो दृष्टिकोण लिएर त्यस पवित्रस्थानका सामानहरूमा तपाईंले बुझ्नुभएअनुसार छोटकरीमा अर्थ लगाउनुहोस्।

अ) चोकको एउटै ढोकाको अर्थ के हो? ...........................................................

.......................................................................................................

आ) वेदीको अर्थ के हो? ....................................................................................

....................................................................................................

इ) पानीको ठूलो धुने भाँड़ाको मतलब के हो? ....................................................

....................................................................................................

ई) सामदानले के कुरा सङ्केत गर्छ? ..............................................................

....................................................................................................

उ) रोटीको टेबलले के चित्रण देखाउँछ? ...........................................................

....................................................................................................

ऊ) सुनको वेदीबाट हामी के बुझ्न सक्छौं? .......................................................

....................................................................................................

ए) वाचाको सन्दुकभित्र के कुरा राखिएको थियो? ................................................

....................................................................................................

ऐ) सन्दुक के कुराले ढाकिन्थ्यो? ................................................................

ओ) कृपाआसनमा के कुरा छर्किन्थ्यो? ..........................................................

औ) सन्दुकको अर्थ लेख्नुहोस्। ...................................................................

....................................................................................................

....................................................................................................

## च - परमेश्वरको पवित्र उपस्थितिमा

१) हिब्रू ४:१६ - कृपा र अनुग्रह पाउन हामी कहाँ जानुपर्छ? ......................................

....................................................................................................

२) हिब्रू १०:१९-२२ - क) यसो गर्न कुन कुराले हामीलाई हिम्मत दिन्छ? ........................

....................................................................................................

ख) परमेश्वरको सामु हामी कसरी जानुपर्छ? ...................................................

....................................................................................................

....................................................................................................

ग) परमेश्वरको नजिकमा जाँदा तपाईंलाई कस्तो किसिमको अनुभव हुन्छ? ......................

....................................................................................................

....................................................................................................